नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेबसाईट: www.daorasuwa.moha.gov.np

प.सं. : ०७६/७७
च.नं. :

मिति :

## प्रेस विज्ञप्ती

रसुवा जिल्ला प्रशासन र तिब्बत स्वशासित क्षेत्र अन्तर्गत जिलोङ काउन्टीका समकक्षी बीच मिति २०७६/०६/०७ गते तिब्बतको केरुङमा द्वीपक्षीय बैठक सम्पन्न भयो । उक्त बैठकमा केरुङ रसुवागढी नाकालाई बलियो व्यापारीक मार्ग बनाउनुपर्ने, रसुवागढी/केरुङ सीमा क्षेत्रमा अवैध रुपमा हुन सक्ने आवागमनलाई रोक्न थप व्यवस्थित र प्रविधिमैत्री बनाउने, सीमा जोडिएका वनक्षेत्रमा हुने आगलागीलाई दुबै पक्षको समन्वय र सहयोगमा रोकथाम नियन्त्रण गर्ने, नेपालमा हाल पछिल्लो अवस्थामा देखिएको डेंगी रोगका विषयमा सीमा क्षेत्रका स्थानमा दुबै पक्षको समन्वय र सहयोगमा नियन्त्रण गर्ने, रसुवा जिल्ला भन्दा बाहिरका बासिन्दाहरुको लागी "One Day Pass" र केरुङ ट्रक/कन्टेनर सवारी चालकहरुको लागी १५ दिने अस्थायी पासको व्यवस्था गर्नुपर्ने, सीमा क्षेत्रबाट हुने विभिन्न तस्करी लगायत अवैध व्यापारीक गतिविधि नियन्त्रण गर्ने, केरुङसम्म मालवस्तु ढुवानीका लागी पुग्ने ट्रक/कन्टेनर चालकका साथै सीमा क्षेत्रमा काम गर्ने नेपाली तथा चीनियाँ सुरक्षाकर्मीलाई दुबै देशको भाषा सम्बन्धी आधारभुत ज्ञान उपलब्ध गराउने, दशै तिहार जस्ता ठूला पर्वमा नेपालकोतर्फबाट मालबस्तुको धैरे आयात हुने समय भएकोले यस विशेष अवधिमा कम्तिमा १०० भन्दा बढी ट्रक/कन्टेनर केरुङतर्फ पास गराउने, तस्करी तथा अवैध व्यापारीक गतिविधि हुन सक्ने सीमा जोडिएका अन्य क्षेत्रहरुमा दुवै पक्षबाट प्रभावकारी निगरानी हुनुपर्ने तथा सीमा क्षेत्रका समस्या समाधानका लागी नियमित बैठक सञ्चालन गर्नुपर्ने लगायतका विविध महत्वपूर्ण विषयमा छलफल गरियो ।

दुबै पक्षबाट राखिएका विभिन्न विषयमा सकारात्मक छलफल हुनुका साथै सीमा स्तरका सुरक्षा प्रहरी निकाय प्रमुखहरुबीच सूचना आदान प्रदान संयन्त्र निर्माण गरी नियमित छलफल गर्ने र सूचना आदान प्रदान गर्ने कार्यलाई प्रभावकारी बनाउने र स्वशासित क्षेत्र जिलोङ काउन्टी र रसुवा स्थानीय प्रशासनबीच सुमधुर सम्बन्ध, समन्वय र सहकार्यलाई थप मजवुत बनाउने साझा धारणा रहयो । साथै जिलोङ काउन्टी प्रशासनले जिलोङ अन्तर्राष्ट्रिय बजार स्थापना गर्न प्रारम्भ गरेको र प्रत्येक वर्ष अक्टोबरमा एक हप्तासम्म अन्तर्राष्ट्रिय बजार मेला आयोजना गरिने विषयमा जानकारी गराउनुको साथै नेपाल, रसुवा प्रशासनको तर्फबाट नेपाल सरकारले शुभारम्भ गर्न थालेको Visit Nepal 2020 को लागी बढी भन्दा बढी चीनियाँ पर्यटकलाई पठाई सहयोग गर्न आग्रह गरिएको थियो ।

उक्त बैठकमा जिलोङ काउन्टीको तर्फबाट काउन्टी मजिस्ट्रेट तथा बन्दगाह व्यवस्थापन समितिका निर्देशक Hong Hu, केरुङ काउन्टीका राजनीतिक, कानूनी समितिका सचिव तथा प्रहरी आयुक्त Tianjun Yang, सिगात्से सुरक्षा व्युरोका कार्यकारी अनुसन्धानकर्ता Zhaxiluobu, केरुङ भन्सार निर्देशक Dewei Shen, जिलोङ काउन्टी अन्तर्गत परराष्ट्र मामिला कार्यालयका निर्देशक Ciwang लगायत,नेपाल रसुवा प्रशासनको तर्फबाट प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारी , प्रमुख भन्सार अधिकृत पुण्य विक्रम खड्का, प्रहरी नायब उपरीक्षक भाग्येन्द्र पुरुष ढकाल, सशस्त्र प्रहरी नायब उपरीक्षकद्वय लक्ष्मण थापा र किरण पौडेल, प्रमुख अनुसन्धान अधिकृत निरञ्जन घिमिरे, क्वारेन्टीन कार्यालय प्रमुख कुलदीप घिमिरे, खाद्य प्रविधि आयात निर्यात प्रमाणिकरण कार्यालय प्रमुख अतिस घिमिरे लगायत अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो ।

असोज ०८, २०७६

२०७६/०६/०८
सपना कुमारी भट्टराई
स.प्र.जि.अ./प्रवक्ता